# प्रदेश आर्थिक बुलेटिन

वर्ष १. अंक ८ | चैत. २०८२




## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व. २०८२/८३ को चैत महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को चैत महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनको प्रतिशत १.५३ ले बृद्धी भएको छ भने खर्च तर्फ केही कम वित्तिय प्रगती भएको छ। नेपाल सरकारबाट प्रदेशलाई प्राप्तहुने अनुदानमा केही कम रकम प्राप्त भएतापनि लक्ष्यको तुलनामा केही प्रतिशत बृद्धि भएको छ। माघ महिनासम्म जम्मा आम्दानी ५६.४१ प्रतिशत र खर्च जम्मा २८.४५ प्रतिशत रहेको छ।


प्रकाशन तथा सम्पादन

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**


## प्रदेश सरकारको आम्दानीः

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को चैत महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु ३५ करोड ३१ लाख ५ हजार, संघबाट प्राप्तहुने राजश्वमा रु ५५ करोड ६३ लाख ४५ हजार, रोयल्टीमा ९ करोड ५४ लाख ७९ हजारले वृद्धि भए सँगै गत वर्षको नगत मौज्दातमा ४७ करोड, ६७ लाख, ९२ हजार र अनुदानमा १ करोड, ८८ लाख, ३९ हजारले कम रकम प्राप्त हुँदा जम्मा आम्दानी रु ५० करोड ९२ लाख ९७ हजारले बृद्दि भएको छ। सो आम्दानी प्रदेश सरकारलाई गत महिनाको साथै गत आर्थिक वर्षको तुलनामा सकरात्मक पक्ष रहेको छ।

**तालिका १: दुई आ.व. को चैत महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीक आम्दानी | ५१७.०० | २४२.८७ | ५७३.४४ | २७८.१८ |
| संधबाट प्राप्त अनुदान | १३०८.३६ | ७६४.८१ | १२२३.३६ | ७६२.९२ |
| संधबाट प्राप्त रोयल्टी | ४८.१० | ३५.१९ | २२.४० | ४४.७४ |
| संधबाट प्राप्त राजश्व | ९६१.१२ | ५९१.११ | ९७९.२९ | ६४६.७४ |
| आन्तरीक ऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २९३.२८ | ११८.९७ | २२४.५१ | ७१.२९ |
| जम्मा | ३२९७.८६ | १७५२.९५ | ३१९८.०० | १८०३.८८ |

**प्रदेश सरकारको खर्चः**


१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षीत रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको केहि सुधारात्मक अवस्था देखिएता पनि खर्च गर्ने क्षमतामा भने कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा चैत महिना सम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केहि बढी हुन गएको छ। भदौ २३/२४ को जेनजी आन्दोलनबाट बिभिन्न कार्यालय/निकाय तथा मन्त्रालयका भौतिक संरचना, कर्मचारी कार्यकक्ष, मेसिनरी औजार आदिमा भएको क्षतिलाई पुनःनिर्माण तथा व्यवस्थित गर्नको लागि बजेट व्यवस्था भई कार्य सञ्चालन भई रहेको र आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने चरणमा भएको हुँदा आगामी महिनामा भने केही बढी वित्तीय प्रगती हुने देखिन्छ।

२. तिन आर्थिक वर्षको जम्मा वित्तिय प्रगतीलाई तुलना गरी हेर्दा चैत मसान्तसम्मको वित्तीय प्रगती आर्थिक बर्ष २०८१/८२ मा केही बढी भएको देखिन्छ भने आर्थिक वर्ष २०८२/८३ र २०८०/८१ को प्रगती प्रतिशतलाई आधार मान्दा क्रमशः ७.०५ र ४.२१ अंक प्रतिशतले कमि रहेको छ। गत आर्थिक वर्षको चैत मसान्तसम्ममा जम्मा विनियोजनको ३५.५० प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा २८.४५ प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः २ तिन आर्थिक वर्षको चैत मसान्तसम्मको खर्च विवरण (रु हजारमा)

| आ.ब | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| चालु खर्च | ४६१९९५४.८८ | ४९०४८६१.०५ | ४२२९९४२.४४ |
| पूँजिगत खर्च | ५८३७८२३.३८ | ६८०१५२०.७७ | ४८६८६५४.८९ |
| वित्तिय | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | १०४५७७७८.२६ | ११७०६३८१.८२ | ९०९८५९७.३३ |
| जम्मा विनियोजन | ३३४२७२००.०० | ३२९७८५७५.०० | ३१९७९९९९.०० |
| खर्च प्रतिशत | ३१.२९ | ३५.५० | २८.४५ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश




चार्टः तिन आर्थिक वर्षको चैत मसान्तसम्मको खर्च विवरण प्रतिशतमा

३. आर्थिक वर्ष २०८२/८३ को चैत महिनासम्म जम्मा चालू तर्फ रु ३ अर्ब १९ करोड २९ लाख १४ हजार र पूँजीगत तर्फ रु ४ अर्ब ८६ करोड ८६ लाख ५५ हजार मात्र वित्तीय प्रगति भएको छ। सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति संग तुलना गर्दा क्रमशः रु ४३ करोड २५ लाख ४६ हजार र रु १ अर्ब ९३ करोड २८ लाख ६५ हजार ले कमी हुन आउछ।

तालिकाः ३ तिन आर्थिक वर्षको महिना अनुसारको खर्च विवरण ( रु हजारमा)

| महिनाको | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | २०८१/८२ | | | २०८२/८३ | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | चालु खर्च | पूँजिगत खर्च | वित्तिय |
| श्रावण | २४४८.४९९ | २६०१३.८४ | ० | १३६२८.०८ | ४९७९१.८३ | ० | १४२१२.५१ | ४३३५५.३५ | ० |
| भाद्र | २६२८४८.६ | ७६२८३७.३ | ० | ३०४९१०.७ | ५७८६८९.९ | ० | ३१९८१०.३ | ५१४६६५.५ | ० |
| असोज | ६९३५३०.८ | ९३९०२२ | ० | ६४४३६६.१ | ९७४९३६.७ | ० | ५८६८८६.७ | ९७०७७३.६ | ० |
| कार्तिक | २३९८९३.३ | १३५४५७ | ० | २५००३१.३ | १४२७०९.१ | ० | २३३०२२.८ | ७०६९५.६६ | ० |
| मंसिर | २९९६८७ | २६९३९५.१ | ० | ३८८२१९.७ | ३९०१०८.४ | ० | ३२०९११.३ | २३७०४८.३ | ० |
| पुस | ३६८७०६.६ | ६६९७५५.६ | ० | ४८९४५४.५ | ११८५१०१ | ० | ४३९८५३.५ | ८६१९५२.९ | ० |
| माघ | ३८३१७५.८ | ५६७२५१ | ० | ३८९२८३.५ | ८३४९५७.५ | ० | ३६१५७८.५ | ४३५७३६.५ | ० |
| फागुन | ४३५४१३.२ | १०६२८३६ | ० | ४७४८४६.८ | ११९३९६९ | ० | ३५४०५७.९ | ८७५२४९.२ | ० |
| चैत | ६९६३११.१ | १४०५२५५ | ० | ६७०७२०.७ | १४५१२५७ | ० | ५६२५८०.९ | ८५९१७७.८ | ० |
| जम्मा खर्च | ३३८२०१५ | ५८३७८२३ | ० | ३६२५४६१ | ६८०१५२१ | ० | ३१९२९१४ | ४८६८६५५ | ० |
| विनियोजन | १०६३१२३८ | २०१९०४६२ | ५००००० | १११५००६० | १९५१७९९३ | ३००००० | १०६३५६१६ | १९०९३३२४ | २५०००० |
| खर्च प्रतिशत | ३१.८१२०५ | २८.९१३७७ | ० | ३२.५१५१७ | ३४.८४७४४ | ० | ३०.०२०९६ | २५.४९९२५ | ० |

नोटः चालु तर्फ स्थानीय तह बाहेकको विनियोजन र खर्च समावेश गरीएको

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश


४. यसै गरी यस आर्थिक वर्ष र गत दुई आर्थिक वर्षको चैत मसान्तसम्मा स्थानीयतह तर्फ भएको जम्मा निकासा/खर्चमा आर्थिक वर्ष २०८१/८२ मा अन्य आर्थिक वर्ष भन्दा बढी भएको देखिन्छ। यस आर्थिक वर्षको चैत मसान्तसम्मको स्थानीय तह तर्फको खर्च आर्थिक वर्ष २०८०/८१ को भन्दा रु २० करोड ९ लाख ११ हजार र आर्थिक वर्ष २०८१/८२ को भन्दा रु २४ करोड २३ लाख ७१ हजारले कम रहेको छ। सो विवरणलाई तल तालिका ४ मा प्रस्तुत गरिएको छ।

तालिकाः ४ तिन आर्थिक वर्षको फागुनसम्म स्थानीय तह तर्फको खर्च रु हजारमा

| आ.ब | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८२/८३-२०८१/८२ | २०८२/८३-२०८०/८१ |
|---|---|---|---|---|---|
| स्थानीय तह | १२३७९३९.९९ | १२७९३९९.७५ | १०३७०२८.०५ | -२४२३७१.७० | -२००९११.९३ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

५. तिन आर्थिक वर्षको चैत मसान्तसम्म विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु, पूँजीगत र स्थानीय तहमा आर्थिक वर्ष २०८१/८२ मा अन्य आर्थिक वर्ष भन्दा बढी खर्च भएको देखिन्छ।




चार्टः चैत मसान्तसम्को तिन आर्थिक वर्षको वित्तीय प्रगती तुलना